प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ -९१

चलानी नं. : ५०२

## प्रेस विज्ञप्ति

मिति २०७२ बैशाख १२ र २९ गतेको महाभूकम्प पश्चात् सिडिएस एण्ड क्लियरिङ्ग लि.को दैनिक कार्य संचालन सिंहदरबार प्लाजा स्थित नेपाल स्टक एक्सचेन्ज लि. को भवनबाट हुँदै आएकोमा मिति २०७३ बैशाख ५ गतेबाट पुतलीसडक स्थित शेयर मार्केटस् कर्मसियल कम्पलेक्समा पाँचौं तल्लामा अस्थायी रुपमा स्थान्तरण भएकोमा कार्यालयको भौतिक संरचना निर्माण कार्य समाप्त भई मिति २०७३ माघ २ गतेबाट उक्त भवनको चौथो तल्लाबाट कम्पनीको काय संचालन हुँदै आएको छ । आज यस कार्यालयको उद्घाटन तथा मिति २०७४ आषाढ १८ गतेदेखि Multiple Clearing Bank सहित Net Settlement को आधारमा राफसाफ गर्ने सम्बन्धी जानकारी दिने कार्यक्रममा रहेको छ ।

आजको मितिमा नेपालको पूँजी बजारको विकासमा सिडिएससिले महत्वपूर्ण भूमिका निर्वाह गर्न पाएकोमा गर्वान्वित छ । हाल धितोपत्र कारोबारको रकमको राफसाफ ग्लोबल आइएमई बैंक लि. मार्फत मात्र गर्दै आइरहेकोमा यस लि. ले थप तीन वटा बैंकलाई राफसाफ बैंकको रुपमा नियुक्त गरेको छ । साथै उक्त राफसाफ बैंक मध्ये लि. ले Lead Bank छनौटको लागि तोकिएको मापदण्डको आधारमा नेपाल ईन्भेष्टमेन्ट बैंक लि. पहिलो श्रेणीमा पर्न सफल भएको हुँदा उक्त बैंकलाई Lead Bank को रुपमा छनौट गरेको छ । यस लि. ले मिति २०७४ आषाढ १८ गतेदेखि भएका कारोबारको राफसाफ तथा फछ्र्यौट Multiple Clearing Bank मार्फत Net Settlement को प्रणाली मार्फत् गरिनेछ । यो प्रणाली नेपालको पूँजी बजारको लागि कोसेढुङ्गा साबित हुनेमा पूर्ण विश्वास छ ।

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ (दोस्रो संशोधन, २०७४ सहित) अनुसार निष्काशन तथा बिक्री प्रबन्धक र अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाका लागि धितोपत्र खरिद सम्बन्धी दरखास्तको आवश्यक जाँचबुझ तथा हितग्राही खाता रुजु गर्नुका साथै सम्पूर्ण निष्काशन प्रक्रियामा संलग्न निकायहरुलाई एकै स्थानबाट केन्द्रीकृत रुपमा निष्काशन सम्बन्धी आवश्यक सेवा प्रदान गर्न यस लि. ले Centralized Application for ASBA Based Issuance (C-ASBA) नामक सफ्टवेयर तयार गरेको छ । श्री हिमालयन पावर पार्टनर लि. को सार्वजनिक प्राथमिक निष्काशनमा केही बैंक तथा वित्तीय संस्थाहरुबाट सफलापूर्वक परीक्षण गरिएको छ । आगामी सार्वजनिक निष्काशनहरुमा समेत C-ASBA सफ्टवेयरबाट रुजु गर्ने तथा केन्द्रीकृत रुपमा निष्काशन सम्बन्धी आवश्यक सेवा प्रदान गर्ने गरी लागू गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै सिडिएससिले हितग्राहीहरुको सुविधाका लागि Mero Share नामक सफ्टवेयर मार्फत् अनलाइन सेवा प्रदान गर्दै आएको छ । उक्त अनलाइन सेवा प्रयोग गर्ने हितग्राहीहरुको संख्या ३७ हजार पुगेको छ । उक्त सफ्टवेयर मार्फत् हितग्राहीले आफ्नो खातामा रहेको धितोपत्र मौज्दातको Portfolio Valuation समेतको जानकारी पाउन सक्ने व्यवस्था रहेको छ । यस लि. ले अगामी दिनमा पनि पूँजी बजारको विकास तथा हितग्राहीहरुको सुविधाका लागि नयाँ सेवाहरु प्रदान गरिनेछ भन्ने कुरामा प्रतिबद्धता जाहेर गर्दछ ।

मिति : २०७४/०३/१६

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com